मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

जनकपुरधाम, धनुषा, नेपाल
info.molmac@madhesh.gov.np
+९७७- ४१-४२६१११

# मधेश कृषि दर्पणको पहिलो अङ्क प्रकाशनको लागि लेख रचना पठाउने सम्बन्धमा सूचना

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामद्वारा पहिलो अङ्कको "मधेश कृषि दर्पण", कृषि विकासमा टेवा पुग्ने प्राविधिक, सामाजिक वा आर्थिक पक्षको विश्लेषणात्मक लेख रचनालाई प्रकाशन गर्न लागिएको हुँदा कृषि सम्बन्धी लेख रचना पठाउनका लागि यो सूचना प्रकाशित गरिएको छ। तपसिलका शर्तहरु बमोजिम यहि मिति २०८२ माघ २० गते सम्म आ-आफ्ना लेखरचनाहरु पठाउनुहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

## लेख रचना पठाँउदा ध्यान दिनु पर्ने कुराहरु

१. यस दर्पणमा नेपाली भाषामा लेखिएको कृषि प्रविधिमा आधारित साथै कृषि विकासमा टेवा पुग्ने प्राविधिक, सामाजिक, आर्थिक पक्षको विश्लेषणात्मक रचनालाई उचित स्थान दिईने छ।
२. यस दर्पणमा जो कोहिले पनि आ-आफ्ना लेख रचना रचना पठाउन सकिनेछ ।
३. लेखहरु पठाउँदा कालिमाटी फन्ट (१२ पोइन्ट) वा प्रिती फन्ट (१६ पोइन्ट) मा टाइप गरिएको र चारैतिर १/१ ईन्च छोडेर १००० देखि २५०० शब्दमा लेखिएको हुनुपर्नेछ र सो लेखलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामको Website: https://molmac.madhesh.gov.np/ को सुचनामा भएको Google Form https://forms.gle/ZTr73quSgTNfkVJp8 बाट आवश्यक विवरण भरेर अपलोड गर्नुपर्नेछ वा बुदाँ नं. ६ र ७ मा उल्लेखित विवरण madheshkrishidarpan@gmail.com मा पठाउनु पर्नेछ । हस्त लिखित लेखहरु मान्य हुने छैन।
४. उपयोगी अनुवादित लेखलाई पनि स्थान दिईनेछ, तर मुल लेखकको नाम र प्रकाशित कृतिको नाम पनि उल्लेख भएको हुनुपर्नेछ । आधार लिईएको लेख भए सो पत्रिका वा प्रकाशित कृतिको नाम साभार गर्नुपर्दछ तर अन्यत्र प्रकाशित लेख हुवहु प्रकाशित गर्न पाईने छैन ।
५. लेखसँङ्ग मिल्ने उपयुक्त फोटो पठाएमा त्यसलाई समेत समावेश गरी प्रकाशित गरिनेछ ।
६. लेखकको नाम, पद, आफु कार्यरत कार्यालय, ठेगाना र ईमेल स्पष्ट सँग उल्लेख हुनुपर्नेछ । उक्त विवरणहरु पूर्ण नभएमा त्यस्तो लेख प्रकाशन हुने छैन। साथै, आफ्नो PP साइजको फोटो पनि पठाउनु पर्नेछ ।
७. लेखकले लेख प्रकाशित भए वापत तोकिएको पारिश्रमिक **"प्रदेश खर्च मापदण्ड निर्देशिका - २०८०"** बमोजिम पाउने छन् र पारिश्रमिक लेख प्रकाशित भएको आर्थिक वर्ष भित्रमा सम्बन्धित बैंक खातामा जम्मा गरिदिइनेछ। लेखरचना सँगै आफ्नो बैंक खाता विवरण अनिवार्य रुपमा पठाउनु पर्नेछ ।
८. यस दर्पणमा प्रकाशित लेखहरुको आंशिक वा पूर्ण भाग जो कोहीले पनि प्रकाशन गर्न पाउनेछ, तर पत्रिकालाई सन्दर्भसामाग्रीको रुपमा निर्दिष्ट गर्नु पर्नेछ ।
९. पठाईएका लेखहरु छाप्ने, नछाप्ने वा केहि परिमार्जन गरी छाप्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहित रहनेछ र माथि उल्लेखित मापदण्ड पुरा नभएको लेखहरु छाप्न सम्पादक मण्डल बाध्य हुने छैन।
१०. लेख प्रकाशन भएको जानकारी र पत्रिकाको प्रति लेखकको ईमेल ठेगानामा पठाइनेछ र यस पत्रिकाका लागि पठाइएका लेख रचना एक आ.व. सम्म मन्त्रालयसँग रहनेछन् र एक आ.व. भित्र विभिन्न अङ्कहरुमा प्रकाशित हुन सक्नेछ ।
११. अप्रकाशित रहेमा लेख रचना फिर्ता दिन सम्पादक मण्डल बाध्य हुने छैन।
१२. यस दर्पणमा प्रकाशित लेख रचनाको विषय तथा विचारहरु लेखकको निजी हुने भएकोले यसमा सम्पादक मण्डल तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम जवाफदेही हुने छैन।
१३. अन्य थप जानकारीको लागि श्रोत व्यक्ति श्री रविन बस्नेत, बाली विकास अधिकृत सम्पर्क नं. +९७७-९८६२३१९४७३ मा सम्पर्क वा madheshkrishidarpan@gmail.com मा ईमेल गर्न सकिनेछ ।

## लेख रचनाको प्रकारहरु

| क्र.सं. | लेख रचनाको प्रकारहरु | परिश्रमिक दर प्रति लेख रचना |
|---|---|---|
| १. | अनुशन्धानमुलक, विचारमुलक, विश्लेषणात्मक र मौखिक लेख रचना | ४०००/- |
| २. | तथ्यमुलक विचारमुलक विश्लेषणात्मक र मौखिक लेख रचना | ३५००/- |
| ३. | विवरणात्मक र मौलिक लेख रचना | २५००/- |
| ४. | बुक रिभ्यू | २०००/- |